# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, चैत ३ गते २०६१ साल (अतिरिक्ताङ्क ६१ (आ)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

### आकस्मिक बीमा कोष संचालन (पहिलो संशोधन) नियमावली, २०६१

आकस्मिक बीमा कोष संचालन नियमावली, २०६० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "आकस्मिक बीमा कोष संचालन (पहिलो संशोधन) नियमावली, २०६१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. आकस्मिक बीमा कोष संचालन नियमावली, २०६० को नियम ३ मा संशोधनः आकस्मिक बीमा कोष संचालन नियमावली, २०६० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,-

(१) उपनियम (२) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख१) सदस्यता प्राप्त बीमकबाट प्राप्त बीज राशि (सिड मनी),"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) सदस्यता प्राप्त बीमकले उपनियम (१) को खण्ड (ख१) बमोजिमको बीज राशि सोही उपनियमको खण्ड(क) बमोजिमको रकमभन्दा कम नहुने गरी कोषमा जम्मा गर्नु पर्नेछ र त्यस्तो रकमको भुक्तानीको शर्त तथा प्रक्रिया सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।"

(३) उपनियम (३) मा रहेका "कोषका सदस्यहरूलाई" भन्ने शब्दहरूको सट्टा "सदस्यता प्राप्त बीमकलाई" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को उपनियम(३) पछि देहायको उपनियम (४)र (५) थपिएको छः-

"(४) उपनियम (३) बमोजिम प्रदान गरेको कोषको सदस्यता एक आर्थिक वर्षको लागि मान्य हुनेछ र त्यस्तो सदस्यता नवीकरण गर्न सकिनेछ ।

(५) उपनियम (४) बमोजिम नवीकरण गर्दा सदस्यता बहाल हुने अवधि समाप्त भएको मितिले एक महिनाभित्र सञ्चालक समितिले तोकेको नवीकरण शुल्क बुझाई सदस्यता प्रदान गर्ने अधिकारीबाट गराउनु पर्नेछ ।"

४. मूल नियमावलीको नियम ५ मा संशोधन: मूल नियमावलीको नियम ५ को उपनियम (१) खण्ड (ख) मा रहेको "शुल्क" भन्ने शब्दपछि "वा रकम" भन्ने शब्दहरू थपिएका छन् ।

५. मूल नियमावलीको नियम ६ मा संशोधन: मूल नियमावलीको नियम ६ को उपनियम (२) मा रहेको "शुल्क" भन्ने शब्द पछि "वा रकम" भन्ने शब्दहरू थपिएका छन् ।

६. मूल नियमावलीको नियम ८ मा संशोधन: मूल नियमावलीको नियम ८ मा रहेका "बाँकी हुन आएको रकम" भन्ने शब्दहरू पछि "कुनै बैंकमा मुद्दती निक्षेपमा जम्मा गर्न वा" भन्ने शब्दहरू थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल नियमावलीको नियम १७ मा संशोधन : मूल नियमावलीको नियम १७ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिम कोषको विघटन भएमा कोषमा रहेको नगदी, जिन्सी तथा अन्य सम्पत्तिमा श्री ५ को सरकार र सदस्यता प्राप्त बीमक बीच समान अधिकार हुनेछ। त्यस्ती अधिकार अन्तर्गत सदस्यता प्राप्त बीमकको सम्पत्तिमा सदस्यता प्राप्त सबै बीमकले लगानी गरेको बीज राशिको आधारमा समानुपातिक हिसाबले भाग लगाई लिन पाउने छन् ।"

आज्ञाले,
भानुप्रसाद आचार्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

82